# मैवाखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

स्थापना: २०७३

१ नं. प्रदेश नेपाल

(कार्यपालिका बैठक) मिति: २०७९/०५/२२

---

बैठक सुरू समय: विहान ८ बजे | बैठक संख्या: ८

बैठकको अध्यक्षता: विजय प्रकाश वनेम

उपस्थिति:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | |
| १० | श्री पासाङ ग्याल्बु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मी माया गोम्देन | शिक्षा अधिकृत | |

**मैवाखोला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**साँघु, ताप्लेजुङ**

**स्थापना: २०७३**

**१ नं. प्रदेश नेपाल**

मितिः २०७९/०५/२२

**मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९\०५\२२ गते बसेको आठौँ बैठकको निर्णयहरू**

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | "प्रशासनिक भवन" निर्माणका निम्ति मैवाखोला गाउँपालिका वडा नं. ३ कोलडाँडा क्षेत्रको जग्गा यस अघि धनरानी लिम्बूको पति टिका प्रसादको नाममा एकलौटी दर्ता श्रेस्ता कायम रहेको र हाल पति टिका प्रसादको मृत्युपछि निजको पत्नी धनरानी लिम्बुको नाममा एकलौटी हक भोग दर्ता श्रेस्ता कायम रहेको यस अघि कसैलाई कुनै व्यहोराले लिखत गरी हक भोग छाडी नदिएको जिल्ला ताप्लेजुङ साँघु गा.वि.स.वडा नं. ४ परिवर्तित मैवाखोला गा.पा. वडा नं. ३ मा पर्ने कि.नं. २४२, क्षेत्रफल 9-12-0-0 मध्येबाट 1-7-1-0 र कि.नं. २४३, क्षेत्रफल 2-7-2-2 मध्ये बाट 2-7-2-2 पूरै क्षेत्रफल गरी जम्मा 3-14-3-2, मैवाखोला गा.पा. वडा नं.-३ बस्ने वर्ष ६० को नन्द कुमार चोङबाङको यस अघि साँघु गा.वि.स. वडा नं. ४ बस्ने डम्बर बहादुर लिम्बुको नाममा एकलौटी दर्ता श्रेस्ता कायम रहेको र हाल उक्त व्यक्तिहरूबाट मालपोत कार्यालय ताप्लेजुङमा रजिष्ट्रेशन पास गरी हाल नन्दकुमार चोङ्बाङको नाममा एकलौटी दर्ता श्रेस्ता कायम रहेको यस अघि कसैलाई कुनै व्यहोराले लिखत गरी हक भोग छाडी नदिएको जिल्ला ताप्लेजुङ साविक साँघु गा.वि.स. वडा नं. ४ मा परिवर्तित मैवाखोला गा.पा. वडा नं. ३ मा पर्ने कि.नं. २४७, क्षेत्रफल 4-8-3-3 मध्येबाट 3-3-3-२ कि.नं. २४८, क्षेत्रफल 6-0-1-0 मध्येबाट 3-1-2-२ क्षेत्रफल र कि.नं. 343, क्षेत्रफल 1-10-1-2 मध्येबाट 0-8-2-2 क्षेत्रफल गरी जम्मा 6-14-0-2, र धनमाया लिम्बुनीको नाममा रहेको एकलौटी दर्ता श्रेस्ता कायम रहेको यस अघि अरु कसैलाई कुनै व्यहोराले लिखत गरी हक भोग छाडी नदिएको जिल्ला ताप्लेजुङ साविक साँघु गा.वि.स. वडा नं.४ परिवर्तित मैवाखोला गा.पा.-वडा नं. ३ मा पर्ने कि.नं. २४६, क्षेत्रफल 5-4-3-3 मध्येबाट 4-3-2-0 को जग्गा उत्तर तर्फ पूर्व पश्चिम वारपार हुने गरी कित्ताकाट समेत गरेको र यस अघि देवी कुमार लिम्बुको बाबु थिर बहादुरको नाममा एकलौटी दर्ता श्रेस्ता कायम रहेको र हाल निजको छोरा देवी कुमार लिम्बुको नाममा एकलौटी दर्ता श्रेस्ता कायम रहेको यस अघि अरु कसैलाई कुनै व्यहोराले लिखत गरी हक छाडी नदिएको जिल्ला ताप्लेजुङ साबिक साँघु गा.वि.स. वडा नं. ४ परिवर्तित मैवाखोला गा.पा. वडा नं. ३ मा पर्ने कि.नं. २४५, क्षेत्रफल 1-4-0-2 मध्येबाट 1-4-0-2 पूरै) र कि.नं. 244, क्षेत्रफल 5-6-0-3 मध्येबाट 3-11-1-2 क्षेत्रफल गरी जम्मा 4-15-2-0 जग्गाहरूबाट जम्मा २० रोपनी जग्गा नघट्ने गरी र बनावट मिल्ने गरी निःशुल्क रुपमा जग्गा प्राप्ति गर्ने निर्णय गरियो । साथै प्रशासकीय भवन निर्माणका लागि छनोट गरिएको जग्गाको प्रारम्भिक प्रतिवेदन निर्माणका लागि प्रारम्भिक प्रतिवेदक यसै कार्यालयमा कारयरत सूचना अधिकृत श्री मदन तिवारीलाई तोक्ने निर्णय गरियो । सो कार्यको लागि यसै कार्यालयमा कार्यरत श्री प्रेम ब. कार्कीलाई प्रतिनिधि कर्मचारीको जिम्मेवारी तोकी जिल्लामा पठाउने निर्णय गरियो | |

| | |
|---|---|
| यस मैवाखोला गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत नभएका कारण अर्को व्यवस्था नभइञ्जेलका लागि यसै गाउँपालिकामा कार्यरत शिक्षा अधिकृत तथा निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत श्री लक्ष्मीमाया गोम्देनलाई आर्थिक अख्तियारीका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने निर्णय गरियो । साथै हाल कार्यारत लेखापाल श्री गौरव पोखरेलको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालेयको मिति २०७९/०५/२० गतेको निर्णय अनुसार अन्यन्त्र सरुवा भएको हुदाँ अर्को व्यवस्था नभए सम्मका लागि यसै कार्यालयमा कार्यरत आ.ले.प. श्री प्रेम कार्कीलाई लेखापालको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । | |
| मैवाखोला गाउँपालिका-६ बस्ने गजरुप लिम्बुको नाति हर्कवीर लिम्बुको छोरा हाल ललितपुर-१४ बस्ने- चन्द्र बहादुर लिम्बुको नाममा दर्ता कायम भएको कि.नं.१४७ को क्षेत्रफल 1-8-2-3 को जग्गा श्री महावीर आ.वि. मैवाखोला-६ को नाममा निःशुल्क ग्रहण गर्ने र सोको लागि यसै कार्यालयमा कार्यरत श्री प्रेम ब. कार्कीलाई प्रतिनिधि कर्मचारीको जिम्मेवारी तोकी जिल्लामा पठाउने निर्णय गरियो । | |
| श्री महेन्द्र माध्यमिक विद्यालयको भवन निर्माणका लागि एचपीएफ संस्थासँग साझेदारी गर्न एकमुष्ठ रकम रु २५५०,०००\ अक्षरेपी पच्चीस लाख पचास हजार मात्र बजेट बिनियोजन गरी प्रदान गर्ने निर्णय गरियो । | |
| गाउँपालिकामा स्याट्यालाइट प्रणाली मार्फत् इन्टरनेट व्यवस्था तथा जडान गर्न रु १५०००००\- अक्षरेपी पन्द्र लाख रुपैँया बजेट विनियोजन गर्ने निर्णय गरियो । | |
| वडा नं. ५ र ६ लाई हुने गरी फाकुम्बा र वडा नं. १ र २ लाई हुने गरी ढुङ्गेसाँघुमा पशु सेवा केन्द्र स्थापना गरी कार्यालय सहयोगी स्तरको १\१ जना कर्मचारी व्यवस्था गर्ने निर्णय गरियो । | |
| **पाथीभरा म्याराथन महोत्सवका लागि रु १,५०,०००\- अध्यक्ष खेलकुद सहयोग कोषबाट खर्च गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।** | |
| जिल्ला भलिबल संघ ताप्लेजुङद्वारा आयोजित कार्यक्रममा मैवाखोलाबाट सहभागी खेलाडीहरूका निम्ति १५ दिने बन्द प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि रु ५०,०००\ **अध्यक्ष खेलकुद सहयोग कोषबाट खर्च गर्ने गरी** रकम प्रदान गर्ने निर्णय गरियो । | |
| **पाथीभरा म्याराथन महोत्सवमा मैवाखोला गाउँपालिकाबाट सहभागी हुने जम्मा ३ जना धावकहरूलाई तयारी गर्न प्रोत्साहन स्वरूप प्रति व्यक्ति रु १५०००\- का दरले अध्यक्ष खेलकुद सहयोग कोषबाट खर्च गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।** | |
| मैवाखोला-१ स्थित मदन भण्डारी आ.वि.को खेल मैदान मर्मत गर्न विपद व्यवस्थापन कोष मार्फत खर्च गर्ने गरी रु ३०,००० विनियोजन गर्ने निर्णय गरियो । | |
| तरकारी बाली पकेट विकास कृषि कार्यक्रमको निरन्तरता अन्तर्गत आलु खेतीका लागि वडा नं.३ मा रु ६,००,००० र तरकारी बाली पकेट विकास कृषि कार्यक्रम सञ्चालन गर्न सङ्घीय शसर्त अनुदानबाट प्राप्त बजेट मध्ये वडा नं.४ मा रु ६,००,००० र वडा नं.१ मा रु ६,००,००० बजेट आलु खेतीका निम्ति बजेट ब्रेकडाउन गर्ने निर्णय गरियो । | |
| मैवाखोला गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूलाई बैठक भत्ता रु १५००\- का दरले प्रदान गर्ने निर्णय गरियो । | |